


# अध्ययनको सार

## समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरू बीचको आत्मिय सम्बन्धमा हुने हिंसा सम्बन्धी अध्ययन

नोभेम्बर, २०२१

### पृष्ठभूमि



लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमा विद्यमान आत्मिय सम्बन्ध बिचमा हुने हिंसा, उनीहरुको लैङ्गिक तथा यौनिक पहिचानका कारणले उनीहरु विरुद्ध हुने लाञ्छना, भेदभाव, अपमान, धम्की तथा दुर्व्यवहारका कारणले समाजमा उनीहरु व्यापक रूपमा खुलेर आउन सकेका छैनन् अथवा त्यस्तो हिंसाको व्यापक पहिचान हुन सकेको छैन । समुदायका मानिसहरू आफै पनि उनीहरु माथि आफ्नै पार्टनरद्वारा गरिने हिंसाका बारेमा कसैसँग कुरा गर्न वा कसैलाई बताउन त्यति सहज वा विश्वस्त पाईदैनन् । यौनिक अभिमुखिकरण (जस्तैः समलिङ्गी, द्वयलिङ्गी) र लैङ्गिक पहिचान (जस्तैः ट्रान्सजेन्डर, तेस्रोलिङ्गी) जोडीहरु बिचको आत्मिय सम्बन्धमा हुने हिंसा रोकथामको निमित्त राम्रो बुझाई वा सम्बोधनका प्रभावकारी अवधारणाका लागि heteronormative and cisnormative को आँखाबाट मुद्दालाई पुनः फ्रेमिङ्ग गरिनुपर्छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरु बिचको आत्मिय सम्बन्धमा हुने हिंसा र विपरीत लिङ्गी जोडीहरु बिचको आत्मिय सम्बन्धमा हुने हिंसाको दर समान रूपमा नै हुने गरेको पाईन्छ साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरु बिचको आत्मिय

*आत्मिय सम्बन्धमा हुने हिंसा भन्नाले आत्मिय सम्बन्धमा हुने त्यस्ता सबै कार्य जसले उक्त सम्बन्धमा भएका व्यक्तिलाई शारीरिक, मनोवैज्ञानिक वा यौन हानी पुऱ्याउँदछ ।*
*– विश्व स्वास्थ्य संगठन*

सम्बन्धमा हुने हिंसा सम्बोधनका लागि heteronormative अवधारणा अनुकुल हुँदैन । समान लिङ्गी बिचको आत्मिय सम्बन्धमा हुने हिंसाका बारेमा धेरै अध्ययन अनुसन्धान वा साहित्य तथा सम्बन्धित हस्तक्षेपहरु कम पाईन्छ, त्यसकारण यस समुदायका मानिसहरुले अधिकारको समान रुपमा उपभोग गर्न पाउने सुनिश्चितताका लागि नयाँ नीति तथा कार्यक्रमहरुको आवश्यकता छ ।[1] विश्व स्वास्थ्य संगठनका अनुसार आत्मिय सम्बन्धमा हुने हिंसा भन्नाले आत्मिय सम्बन्धमा हुने त्यस्ता सबै कार्य जसले उक्त सम्बन्धमा भएका व्यक्तिलाई शारीरिक, मनोवैज्ञानिक वा यौन हानी पुऱ्याउँदछ । सामान्यतयाः पूर्ण विपरीत लिङ्गी जोडीहरुमा मात्र आत्मिय सम्बन्धमा हुने हिंसा विद्यमान रहेको भन्ने मिथक धारणा रहने भएतापनि धेरै अध्ययनहरुले लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरुका बीचमा पनि आत्मिय सम्बन्धमा हुने हिंसाको विद्यमानता रहेको खुलासा गरेका छन्, साथै यस्ता घटनाहरु विपरीत लिङ्गी जोडीहरुको तुलनामा उच्च रहेको खुलासा गरेको छ ।[2] समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर तथा तेस्रोलिङ्गी जोडीहरु बीचको आत्मिय सम्बन्धमा हुने हिंसाका बारेमा

1. https://www.tandfonline.com/doi/full/10.1080/23311886.2019.1644982 accessed on 20 September 2021
2. Rollè L, Giardina G, Caldarera AM, Gerino E and Brustia P (2018) When Intimate Partner Violence Meets Same Sex Couples: A Review of Same Sex Intimate Partner Violence. Front. Psychol. 9:1506. doi: 10.3389/fpsyg.2018.01506, p. 1

जानकारी हुने गरेको पाईएता पनि यस विषयमा सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूको उचित ध्यानाकर्षण हुन सकेको छैन । अझ, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको विरुद्धमा हुने हिंसा सम्बोधन गर्न जिम्मेवार तथा अख्तियारी प्राप्त भएकाहरुले पनि उनीहरुका मुद्दालाई सहजै बेवास्ता गरेको पाईन्छ । यसबाहेक पनि, यस अध्ययन भन्दा अघि, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायहरूको बारेमा विशेषतः उनीहरु बिचको आत्मिय सम्बन्धमा हुने हिंसाको अवस्थाका बारेमा अध्ययन अनुसन्धानका कमै मात्र प्रयासहरु गरिएका छन् ।

यो प्रतिवेदन मुख्यरूपमा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका मानिसहरू, विशेषतः समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरु बीचको आत्मिय सम्बन्धमा केन्द्रित रहेको छ । यस अध्ययनले समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरु बीचको आत्मिय सम्बन्धमा विद्यमान हिंसा, त्यसको विस्तारित अवस्था, त्यसका कारणहरु, परिणामहरु तथा उनीहरुले कसरी त्यसको सामना गरिरहेका छन् भन्ने बारेमा बुझ्न मद्दत गर्दछ ।


## उद्देश्य

- समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरु बीचको आत्मिय सम्बन्धमा विद्यमान हिंसाका बारेमा अध्ययन गर्नुका साथै त्यस्ता हिंसाका अवस्था, प्रकार, कारण र परिणामहरु र उनीहरुले त्यसलाई कसरी सामना गरिरहेका छन् भनेर पहिचान गर्ने,
- समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरु बीचको आत्मिय सम्बन्धमा हुने हिंसा सम्बन्धी विद्यमान नीति तथा कानूनहरुको समीक्षा गर्ने,
- विषेश गरी समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरु बीचको आत्मिय सम्बन्धमा हुने हिंसाको प्रतिकार्यका लागि विद्यमान सरकारी तथा गैर-सरकारी संस्थागत संरचनाहरुको पहिचान गर्ने,
- समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरु बीचको आत्मिय सम्बन्धमा हुने हिंसा सम्बोधनका लागि आवश्यक नीतिगत तथा कार्यक्रमगत सुधारका लागि वकालत पैरवी गर्नका लागि उपयोग हुने प्रमाणमा आधारित विस्तृत प्रतिवेदन तयार गर्ने ।


## अध्ययन पद्धति

अध्ययनका लागि प्रदेश नं. १ बाट १८ जना, मधेस प्रदेशबाट ८ जना, बाग्मती प्रदेशबाट १८ जना, गण्डकी प्रदेशबाट २० जना, लुम्बिनी प्रदेशबाट ४८ जना, कर्णाली प्रदेशबाट १० जना र सुदूरपश्चिम प्रदेशबाट २२ जना गरी कुल १४४ जना उत्तरदाताहरुसँग अन्तर्वाता लिईएको थियो । उत्तरदाताहरुको छनोट यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकारका क्षेत्रमा कार्यरत सम्बन्धित संस्थाहरु, सम्बन्धित (फोकल) व्यक्तिहरु, तथा

## उत्तरदातासँग अन्तर्वार्ता




## समुह लक्षित छलफल



अधिकारकर्मीहरूको परामर्शमा गरिएको थियो । यस अध्ययनका लागि संख्यात्मक तथा गुणात्मक दुवै विधीद्वारा तथ्याङ्क संकलन गरिएको थियो । गुणात्मक तथ्याङ्क संकलन श्रृखंलावद्ध संरचित प्रश्नावलीका माध्यमबाट संकलन गरिएको थियो। साथै विशेष र विस्तृत जानकारी तथा विचार संकलनका लागि खुल्ला ढाँचाका प्रश्नावलीहरूको पनि प्रयोग गरिएको थियो ।

अध्ययनको उद्देश्यका लागि दुईवटा समुह लक्षित छलफल (Focus Group Discussion) पनि आयोजना गरिएको थियो । जसमध्ये एउटा समुह लक्षित छलफल सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र प्रदेश नं. १ का कुल १७ जना समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुषहरूसँग आयोजना गरिएको थियो भने अर्को समुह लक्षित छलफल सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश, बाग्मती प्रदेश र प्रदेश नं.१ का लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको अधिकारका लागि कार्यरत संघसंस्थाका कुल १८ जना प्रतिनिधिहरू तथा कर्मचारीहरूसँग गरिएको थियो ।

प्रमुख सुचनाकर्ताहरू (key informants) को रेखाङ्कन, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारका लागि लामो समयदेखि वकालत पैरवी गर्दै आएका, अनुभवी व्यक्तिहरू संलग्न अध्ययन टोलीका सदस्यहरूको बैठक मार्फत गरिएको थियो । यसका लागि अध्ययन टोलीले संघिय, प्रादेशिक, जिल्ला र स्थानीय तहमा रहेका सरकारी तथा गैरसरकारी संस्थाहरूमध्ये संस्थाको कार्यक्षेत्र, चासो, प्राथमिकता, प्रकृती तथा अधिकार क्षेत्रको आधारमा सरोकारवालहरूको पहिचान गरि सुचिकरण गरि उक्त सुचीबाट अध्ययन टोलीका सदस्यहरूले गहिरो अन्तवार्ताका (in-depth interviews) लागि १२ जना प्रमुख सुचनाकर्ताहरूको छनौट गरिएको थियो । त्यसैगरी समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरू बीचको आत्मिय सम्बन्धमा हुने हिंसाको विस्तृत अध्ययनका लागि घटना अध्ययनहरूको पनि गहिरो विश्लेषण गरिएको थियो ।

साथै, अध्ययनको उद्देश्यका लागि नेपालका विद्यमान रहेका लैङ्गिक समानता सुनिश्चित गर्ने तथा आत्मिय सम्बन्धमा हुने हिंसा सम्बोधनका लागि बनेका कानूनी प्रावधानहरूको पनि समीक्षा (Desk Based Review) गरिएको थियो । नेपालको लैंङ्गिक समानताको सुनिश्चितता लगायतका आत्मिय सम्बन्धमा हुने हिंसाबाट आफ्ना नागरिकहरूको संरक्षण गर्ने सम्बन्धित के कस्ता अन्तर्राष्ट्रिय दायित्वहरू रहेका छन् भन्ने बारे समेत अध्ययन गरिएको थियो ।

## प्रचलित कानून तथा नीतिहरूका विद्यमान कमीकमजोरीहरु

नेपालले ९ मुख्य महासन्धीहरू लगायतका मानव अधिकार सम्बन्धित प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरेको छ जसले समानता र अविभेदको सिद्धान्तहरू अवलम्वन गर्नुका साथै सबै नागरिकका अधिकार र संरक्षणको सुनिश्चितता गरेका छन् । पक्ष राष्ट्रको नाताले नेपालले यी मानव अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरूमा भएको प्रावधानहरूलाई घरेलुकरण गर्ने र आफ्नो राष्ट्रिय कानूनबाट सुनिश्चित गर्ने दायित्व राख्दछ ।

> *घरेलु हिंसा (अपराध तथा सजाय) ऐन, २०६६ एक मात्र विशेष ऐन हो । यस ऐनले घरेलु सम्बन्धमा हुने घरेलु हिंसालाई निषेध गरेको छ ।*

त्यसकारण नेपाललाई पुर्ण लैङ्गिक समानताको सुनिश्चित गर्ने र प्रवर्द्धन गर्ने तथा आफ्ना नागरिकहरूलाई जीवनका सबै क्षेत्रमा लैङ्गिक हिंसाबाट संरक्षण गर्न दायित्व रहेको छ । साथै आत्मिय सम्बन्धबाट हुने हिंसा लगायतका लैङ्गिकतामा आधारित हिंसाहरूको सम्बोधनका लागि उपर्युक्त उपायहरू अपनाउनका लागि पनि नेपाल उत्तरदायी रहेको छ । नेपाल सन्धी ऐन, २०४७ ले पनि नेपालको संसदले अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय प्रावधानहरू राष्ट्रिय कानुन सरह लागु हुनेछ भनी उल्लेख गरेको छ ।

जहाँसम्म लैङ्गिक समानता र लैङ्गिकतामा आधारित हिंसासम्बन्धी घरेलु कानुनको सवाल छ, त्यस्ता मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा रहेका कतिपय राज्यका दायित्वहरूलाई नेपालले आफ्नो राष्ट्रिय कानुनमा रूपान्तरण गरिसकेको पाईएको छ । यद्यपि, आत्मिय सम्बन्धमा हुने हिंसाको सम्बोधन गर्ने सम्बन्धित कानूनी प्रावधानहरू हेर्दा नेपालका केही सीमित कानूनहरूमा छरिएर रहेको अवस्थामा थौरैमात्र कानूनी प्रावधानहरू रहेको पाईन्छ ।

नेपालको कानूनलाई हेर्ने हो भने, **मुलुकी देवानी संहिता, २०७४** ले विवाह तथा सम्बन्ध विच्छेद सम्बन्धित प्रावधानहरूको व्यवस्था गरेको पाईन्छ । त्यस्तै **मुलुकी अपराध संहिता, २०७७** ले सहमति विनाको विवाहलाई अपराधिकण गरेको छ, साथै यसले वैवाहिक बलात्कार निषेध गर्नुका साथै त्यस्तो अपराधलाई दण्डित गरेको छ । मुलुकी देवानी संहिता, २०७४ ले विवाह गर्ने, परिवार स्थापना गर्ने र वैवाहिक जीवन बिताउने स्वतन्त्रताको सुनिश्चित गरेको भएता पनि यसले समान लिङ्गबिच हुने विवाहलाई मान्यता दिएको छैन । जसकारण, विवाह, सम्बन्ध विच्छेद तथा वैवाहिक बलात्कार सम्बन्धित यी प्रावधानहरू समान लिङ्गी बिचको वैवाहिक सम्बन्धको हकमा लागु हुँदैन ।

नेपालमा आत्मिय सम्बन्धबाट हुने हिंसा लगायतका घरेलु सम्बन्धमा हुने गरेको हिंसालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्नका लागि **घरेलु हिंसा (अपराध तथा सजाय) ऐन, २०६६** एक मात्र विशेष ऐन हो । यस ऐनले घरेलु सम्बन्धमा हुने घरेलु हिंसालाई निषेध गरेको छ । यद्यपी, यस ऐनले 'घरेलु सम्बन्ध' भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शव्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ भनेर परिभाषित गरेको छ ।

ऐनको यो परिभाषाले प्रष्ट रुपमा न त सँगै बस्दै आएका (live-in) जोडीको सम्बन्धलाई समेटिएको पाईन्छ न त लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरुको आत्मियता सम्बन्धलाई नै परिभाषामा समेटिएको पाईन्छ ।

## उत्तरदाताहरुको सामाजिक जनसांख्यिकीय जानकारी


संकलित तथ्याङ्कअन्तर्गत अन्तर्वार्ता लिइएका सबै व्यक्तिहरुको जैविक लिङ्ग महिला रहेको पाइयो । उनीहरुको यौनिक तथा लैङ्गिक पहिचान हेर्ने हो भने ३९% समलिङ्गी महिला, २३% तेस्रो लिङ्गी पुरुष, २१% ट्रान्सजेन्डर पुरुष, १३% विपरीत लिङ्गी महिला र ४% द्वयलिङ्गी महिला भएको पाइयो । अन्तर्वार्तामा सहभागी भएका अधिकांश व्यक्तिहरु आदिवासी जनजाति समुदाय रहेको पाइयो र अधिकांश २५-२९ वर्ष उमेर समूह रहेको पाइयो । केही १५-१९ र केही ४० उमेर समूह माथिका पनि रहेको पाइयो । यस अध्ययनमा सामेल भएका अधिकांश उत्तरदाताहरुले आफ्नो यौनिक तथा लैङ्गिक पहिचान १५-१९ र केहीले १०-१४ वर्ष उमेर समूहमा महसुस गरेको पाइयो । यस तथ्याङ्कले के देखाउँछ भने अधिकांस उत्तरदाताहरुले किशोरावस्थामा र केहीले ३० वर्ष उमेरमा





पनि आफ्नो लैङ्गिक तथा यौनिक अभिमुखीकरणको बारेमा प्रष्ट भएको बताए । संकलित तथ्याङ्कका आधारमा अधिकांश उत्तरदाताले समाजको कारणले आफ्नो स्थायी घर छाडेर बसाइँसराइ गरेको बताए । त्यसैगरी अधिकांश उत्तरदाताहरुको निम्न माध्यमिक तहसम्मको मात्र शैक्षिक योग्यता रहेको र अधिकांश अनौपचारिक क्षेत्रमा रोजगार गरिरहेको उल्लेख गरेका छन् ।

## आत्मीय सम्बन्ध

उत्तरदाताहरुको आत्मीय सम्बन्धको अवधि हेर्दा अधिकांश उत्तरदाताहरु बढीमा ६ वर्षसम्मको लामो सम्बन्धमा रहेको पाइयो । जब उत्तरदाताहरुलाई घरमा आर्थिक योगदानको बारेमा प्रश्न सोधियो, ५५% उत्तरदाताहरुले आफु र आफ्नो पार्टनरले मिलेर घर खर्च गर्ने, २७% उत्तरदाताले आफूले मात्र घर खर्च हेर्ने र १८% ले आफ्नो पार्टनरले हेर्ने भनी बताए । त्यसैगरी अधिकांश उत्तरदाताले घरखर्च सम्बन्धी निर्णयहरु मिलेर गर्ने बताए भने २६% ले आफ्नो पार्टनरले मात्र निर्णय गर्ने र २३% ले आफूले मात्र घरखर्चको निर्णय गर्ने भनी उत्तर दिए । तथ्याङ्क हेर्दा अधिकांश




उत्तरदाता र उनीहरुका पार्टनर दुवै रोजगार गरिरहेकोले दुवैले घर खर्चको लागि आर्थिक योगदान गरेको पाइयो । तर त्यसका बावजुद पनि उनीहरुको आत्मिय सम्बन्धमा हिंसा भएको कुरा यस अध्ययनले देखाएको छ ।




अध्ययनकर्ताहरुले उत्तरदाताहरु र उनीहरुको पार्टनरहरुको बाहिरी व्यक्तिहरुसँगको अन्तरक्रिया हेर्ने क्रममा अधिकांश करिब ४६% ले मिलेर अन्तरक्रिया गर्ने बताए । त्यसैगरी उनीहरुले स्वतन्त्र रुपमा निर्णयहरु लिन सक्छन् कि सक्दैनन भनी आफ्नो घरमा आफ्नो साथीहरु बोलाउन पार्टनरसाग सहमति लिनुपर्छ कि पर्दैन भन्ने प्रश्नमा ६४% ले सहमति लिइराख्न नपर्ने भनी उत्तर दिएका थिए । यी तथ्याङ्कहरु हेर्दा लैङ्गिक तथा अल्पसंख्यक समुदाय भित्र आत्मीय सम्बन्धमा हुने हिंसा यी कारकहरुभन्दा स्वतन्त्र रहेको पाइयो ।

## पारिवारिक स्वीकृति

करिब ४०% (१४४ जनामध्ये ५८ जना) उत्तरदाताहरूले आफ्नो परिवारमा आफ्नो यौनिक अभिमुखिकरण र लैङ्गिक पहिचानका बारेमा जानकारी नदिएको पाईयो । जब उत्तरदाताहरूलाई तपाईको यौनिक तथा लैङ्गिक पहिचानका बारेमा पहिलो पटक कसलाई भन्नुभएको थियो भनेर प्रश्न सोधियो । आफ्नो यौनिक तथा लैङ्गिक पहिचान खुलाएका कुल १२३ जना उत्तरदाताहरु मध्ये ५४% ले पहिलो पटक आफ्नो यौनिक तथा लैङ्गिक पहिचानका बारेमा आफ्ना साथीहरूलाई बताएको जवाफ दिए भने केवल ११% ले मात्र आफ्नो यौनिक तथा लैङ्गिक पहिचान आफ्नो आमाबुबामा खुलाएको पाईयो ।

आफ्नो यौनिक तथा लैङ्गिक पहिचान खुलाएका उत्तरदाताहरु मध्ये ९०% भन्दा बढिले नकरात्मक प्रतिकृया पाएको बताए । उनीहरु मध्ये केही उत्तरदाताहरुलाई यो प्राकृतिक होइन भनेर प्रतिक्रिया दिएको, कोहीलाई यो कुनै रोग हो र उपचारका लागि अस्पताल जानु भने, कोहीलाई मनोपरामर्श सेवा लिनका लागि र कसैलाई नभन्नु भनेर सुझाव दिए भने अन्यलाई यस्तो कुरा सामाजिक मूल्य मान्यतासँग मेल नखाने र यसले परिवारको प्रतिष्ठामा पनि हानी पुऱ्याउँछ भनेर आफ्ना भावनाहरुलाई दबाउनका लागि सुझाव दिए । जबकि केही उत्तरदाताहरुले शारीरिक तथा भावनात्मक दुर्व्यवहार सहनु परेको बताए भने कसैलाई जिस्काइएको र अपमानित गरिएको तथा कसैलाई विपरीत लिङ्गी व्यक्तिसँग विवाह गरेर सन्तान जन्माएपछि ठिक हुन्छ भनेर समेत भनिएको बताए । ८५% (१४४ मध्ये १२३) जना उत्तरदाताहरूले आफ्नो पार्टनरसँगको सम्बन्धलाई उनीहरुको परिवारले स्वीकार नगरेको बताए । हिंसा भोगेका उत्तरदाहरुमध्ये, ८७. ८०% उत्तरदाताहरुको परिवारहरुले उनीहरुको आफ्ना पार्टनरसँगको सम्बन्ध स्वीकार नगरेको पाईयो । अर्को शव्दमा भन्नु पर्दा, आत्मिय सम्बन्धमा हुने हिंसाको विद्यमानता सबैभन्दा बढि त्यस्ता उत्तरदाताहरुमा पाईयो जसको सम्बन्धलाई उनीहरुको परिवारबाट स्वीकार गरिएको छैन ।

## समलिङ्गी महिला, द्वयलिङ्गी महिला, ट्रान्सजेन्डर पुरुष र तेस्रोलिङ्गी पुरुष जोडीहरुको आत्मिय सम्बन्धमा हुने हिंसाको अनुभव

आत्मिय सम्बन्धमा हुने हिंसाको बारेमा सोध्दा ८५% उत्तरदाताले आफ्नो पार्टनरबाट हिंसा भएको अनुभव गरेको बताए जसमध्ये ४३.९०% ले शारीरिक, मानसिक र आर्थिक हिंसा भएको बताए । २६. ८३% ले भावनात्मक र आर्थिक हिंसा भोगेको, २०. ३३% ले मानसिक पीडा र ८.९४% ले शारीरिक र मानसिक पीडा भोगेको बताए ।

यसरी तथ्याङ्क हेर्दा कुनै एक खालको मात्र हिंसा भन्दा विभिन्न प्रकारको हिंसा सँगसँगै भोगेको पाइयो । भावनात्मक हिंसाको कारणले गर्दा सम्बन्धमा शंका, इर्ष्या, सम्बन्धमा हुने गालीगलौज मुख्य रहेको जानकारी उत्तरदाताले दिए ।




## जबरजस्ती यौन सम्बन्ध

हरेक ५ जनामा ४ जना (७७%) ले आफुहरुले दुवैजनाको सहमतिमा यौन सम्बन्ध राख्ने बताए भने २४% उत्तरदाताले आफ्नो पार्टनरलाई यौन सम्बन्ध राख्न इन्कार गर्न नसक्ने बताए । ३८% उरत्तरदाताले आफ्नो इच्छा विपरीत पनि यौन सम्बन्ध राखेको जानकारी दिए । जबरजस्ती यौन सम्बन्ध राख्नुपरेको बताउने उत्तरदातामध्ये ३८% ले आफ्नो पार्टनर दुखी हुने वा सम्बन्ध तोडिने डरले कहिले पनि त्यसको प्रतिकार पनि नगरेको बताए ।

## हिंसाका कारणहरु

अधिकांश उत्तरदाताहरुले विवाहमा असमानता, उनीहरुको लैङ्गिक तथा यौनिक पहिचानलाई परिवार र समाजले नस्वीकार्नु, आर्थिक असक्षमता र पितृसत्तात्मक सोचले आत्मिय सम्बन्धमा हुने हिंसाका कारकहरु भनी उल्लेख गरेका थिए । यी कारकहरुलाई लक्षित समूह छलफलमा अभियन्ताहरु, यसै क्षेत्रमा काम गर्ने संस्थाहरुले पनि कारणको रुपमा आफ्नो भनाइमा उठाएका थिए । परिवार र समाजबाट अपहेलित हुने डरले गर्दा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुले आफ्नो आत्मिय सम्बन्धमा हुने हिंसाको बारेमा भन्न रुचाउँदैनन् । यसले के देखाउँछ भने विवाहको कानुनी मान्यता नहुँदा र विवाहमा समानता नहुँदा यस्ता खालका हिंसाका घटनाहरु बढिरहेका छन् । केही उत्तरदाताहरुले शंका, मादक पदार्थको लत र अशिक्षालाई पनि हिंसाका कारणका रुपमा उल्लेख गरेका छन् ।


## हिंसाको असर

हिंसाको मुख्य असरको रुपमा मनोबैज्ञानिक असरलाई पाइएको छ । उत्तरदाताहरुले मनोवैज्ञानिक असरमध्ये निद्रा नलाग्नु, एक्लोपना, तनाव, आत्महत्याको भावना, आत्महत्या प्रयास, खानामा गडबडी, नकारात्मक सोच, आत्मबलको कमी, काममा ध्यान नहुनु रहेको उल्लेख गरेका छन् । केही उत्तरदाताहरु धुम्रपान र मद्यपानको कुलतमा लागेर अस्पताल भर्ना हुनुपरेको र केही आत्महत्या प्रयास असफल भएर अस्पताल पुगेको घटनाहरु पनि जानकारी गराएका छन् । केही उत्तरदाताहरु डिप्रेसनबाट पीडित र नियमित औषधि सेवन गरिरहेको पाइयो । उत्तरदाताहरुको

मानसिक स्वास्थ्य समस्याले गर्दा शारीरिक स्वास्थ्यमा पनि असर परिरहेको पाइयो । केही उत्तरदाताहरू आफ्नो हिंसक पार्टनरबाट छुटकारा पाउन घरबाट पनि भागेको पाइयो ।
लैङ्गिक तथा यौनिक अल्पसंख्यकभित्र आत्मिय सम्बन्धमा हुने हिंसा पनि विपरीत लिङ्गी जोडी जस्तै हुन्छ । आत्मिय सम्बन्धमा हुने हिंसाबाट पीडित महिलाहरू पनि भावनात्मक रुपमा विक्षिप्त हुने, आत्महत्याको सोच बनाउने, प्रयास गर्ने, लागु औषध तथा मादक पदार्थको कुलतमा लाग्ने, खानपिन र निद्रामा गडबडी, शारीरिक रुपले शिथिल, आत्मबलमा ह्रास र धुम्रपान र स्वयमलाई हानी हुने गतिविधिमा संलग्न रहेको पाइयो ।


## हिंसा र हिंसा सम्बन्धित कानून तथा नीतिहरूको बारेमा रहेको जानकारी

हिंसाका बारेमा प्रश्न गर्दा अधिकांश उत्तरदाताहरू घरेलु हिंसाको बारेमा सचेत भएको पाईएको थियो भने कुल १४४ जना उत्तरदाताहरू मध्ये ११३ उत्तरदाताहरूलाई आत्मिय सम्बन्धमा हुने हिंसा लगायतका अन्य हिंसाबाट संरक्षण प्रदान गर्ने, प्रतिकार्य गर्ने तथा सम्बोधन गर्ने नीति तथा कानूनहरुको बारेमा कुनै जानकारी नभएको पाईयो ।




## सहयोगको लागि प्रयास

३८ जना उत्तरदाताले हिंसा भएपछि प्रहरी र समाज दुवैसँग सहयोग मागेको उल्लेख गरे भने १८ जनाले समाजसाग मात्रै र १५ जना प्रहरीमा पुगेको बताए । अन्य १८ उत्तरदाताहरूले राष्ट्रिय मानव अधिकार आयोग, मितिनी नेपाल र लैङ्गिक तथा




यौनिक अल्पसंख्यक समुदायका लागि काम गर्ने संघसंस्थासँग पनि सहयोग लिएको पाइयो । १० जना उत्तरदाताहरुले आफ्ना साथीहरुसँग सहयोग खोज्ने बताए भने १२ जना उत्तरदाता आफू सहयोगको लागि कतै नगएको उल्लेख गरे। त्यस्तै ७ जना उत्तरदाताहरुले अन्य स्रोतहरुमा सहयोग खोज्ने बताए भने २६ जनाले कता जाने नै थाहा नभएको बताए ।

## उजुरी

कुल उत्तरदातामा हिंसा भोगेका उत्तरदाताहरू मध्ये केबल २.४४% ले मात्रै आफु माथि भएका हिंसा विरुद्ध उजुरी गरेको पाइयो । अरु ७५. ६१% ले आफ्नो सम्बन्ध गुम्ने डर अनि हिंसालाई सम्बन्धकै पाटो र घरेलु समस्या सोचेर उजुरी नगरेको देखियो । केहीले साथी र परिवारलाई भनेको बताए भने बाँकीले यस प्रश्नको उत्तर दिएनन् ।




## सरोकालवालाहरुको दृष्टिकोण

अधिकांस सरोकारवालाहरुको विचारमा नेपाल यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरुको अधिकार सुनिश्चित गर्ने विषयमा अन्य दक्षिण एसियाली देशहरुको तुलनामा प्रगतिशिल देखिन्छ किनकी नेपालको संविधानले नै लिङ्गको आधारमा हुने भेदभाव लगायतका कुनै पनि प्रकारको भेदभाव गरिने छैन भनी सुनिश्चित गरेको छ । यद्यपि, विद्यमान पितृसत्तात्मक सामाजिक प्रणाली तथा त्यसबाट निर्देशित लैङ्गिक मूल्य मान्यताका कारणले नेपाली समाजमा लैङ्गिक विभेद अझै पनि गहिरो रुपमा कायम रहेको छ, जुन एक प्रकारको लैङ्गिक हिंसा पनि हो । सरोकारवालाहरूको अनुसार, साधारणतया सर्वसाधारणहरुले जैविक लिङ्ग मात्र बुझ्छन्, जसले व्यक्तिलाई महिला वा पुरुष भनेर मात्र मान्छन् र सोही अनुसार उनीहरुले व्यवहार वा कार्य गर्नु पर्छ भनेर अपेक्षा राख्छन्, यदि कसैले त्यस्तो गरेनन् भने उसले प्रकृतिको नियम तोडेको मानिन्छ ।
यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू उपर हुने भेदभाव लगायतका सबै प्रकारका भेदभावविरुद्ध संविधानले नै सुनिश्चितता गरेको भएता पनि व्यवहारमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुले समुदाय, समाज र आफ्नै परिवारबाट अपमान र दुर्व्यवहारहरूको सामना गर्नुपरेको कुरामा अधिकांस मुख्य सुचनाकर्ताहरु सहमत भएको पाइयो । सरोकारवालाहरुका अनुसार, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका जोडीहरु बिचको आत्मिय सम्बन्धमा हुने हिंसाको विद्यमानता र समस्याको गम्भीरता पनि अधिक रहेको कुरालाई अस्वीकार गर्न नसक्ने भएता पनि त्यस्ता हिंसाका अधिकांश घटनाहरु सम्बोधन नहुने विषयको अझै अनुसन्धान गरिनुपर्ने अवस्था रहेको छ ।

सरोकारवालाहरुका अनुसार, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका जोडीहरु बिचको आत्मिय सम्बन्धमा हुने हिंसा वास्तवमा जति छ त्योभन्दा एकदमै थोरै संख्यामा मात्र सम्बोधन हुने, त्यसमा पनि धेरैजसो सम्पत्तिको विषयलाई लिएर मुद्दाहरु आउने गरेको तर त्यस्ता मुद्दाहरु पनि उनीहरुको सम्बन्धलाई स्थापित गर्ने कुनै पनि प्रकारका कागजात वा प्रमाणको अभावले गर्दा कानुनी प्रक्रियालाई अगाडी बढाउन नसक्ने अवस्था रहेको छ ।

## संस्थागत प्रतिकार्यहरु

नेपालमा घरेलु हिंसाका पीडितहरुलाई पुनर्स्थापना र पुनर्एकिकरण गर्ने उद्देश्यले पीडितहरुलाई सुरक्षित गृह, मनोसामाजिक परामर्श, कानूनी सहायताका साथै अन्य आवश्यक सेवाहरु प्रदान गर्ने थुप्रै गैरसरकारी संस्थाहरु रहेको अवस्था भएता पनि एकदमै थोरै संस्थाहरुले मात्र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका पीडितहरुलाई विशेषगरी सुरक्षित गृहको सेवा प्रदान गरेको पाईन्छ किनभने यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको यौनिक अभिमुखिकरण तथा लैङ्गिक पहिचानले गर्दा उनीहरुलाई अन्य पीडितहरुसँगै समायोजन गरेर सेवा प्रदान गर्ने विषय संस्थाहरुको ठुलो चुनौति मानिन्छ ।

अधिकांश सरोकारवालाहरुले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका पीडितहरुलाई केन्द्रित गरेर सेवाहरु प्रदान गर्ने संस्थाहरु अपर्याप्त रहेका कुरालाई स्वीकार गरेका छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत संस्थाहरु मध्ये प्रायः जसो संस्थाहरुले अझै पनि समुदायका पीडितहरुको पुनर्स्थापना र पुनर्एकिकरणभन्दा पनि समुदायका अधिकारहरु स्थापनाका लागि पैरवी तथा वकालतका गतिविधिहरुमा बढी ध्यान केन्द्रित गर्ने गरेको कुरालाई मानेका छन् । आफ्नो पार्टनरसँगको सम्बन्ध गुमाउने डर, समाजको लाज, र कानूनी प्रावधानहरुको जानकारी र चेतनाको कमीको कारणले, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका आत्मिय सम्बन्धबाट हुने हिंसाबाट पीडित भएका व्यक्तिहरु आफै पनि सेवा प्रदायक निकायहरुसम्म जान र सहायता खोज्ने कुरामा रुचि नदेखाउने गरेको पाईयो ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरु विरुद्ध हुने हिंसालाई सम्बोधन गर्न र उनीहरुलाई सहायता प्रदान गर्नका लागि विशेष कानुनको अभाव र संस्थागत संरचनाको अपर्याप्तताका कारण यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरु उपर हिंसा विशेषगरी आत्मिय सम्बन्धमा हुने हिंसाका अधिकांस घटनाहरु औपचारिक माध्यम (Channel) मा सम्बोधन नहुने गरेको पाईन्छ बरु उनीहरुले यस विषयमा आफ्नो नजिकका साथीहरुलाई बताउने गरेको पाईन्छ ।

## निष्कर्ष

लैङ्गिक समानता र लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी नेपालको मानव अधिकार सम्बन्धी कतिपय अन्तर्राष्ट्रिय दायित्वहरु नेपालले राष्ट्रिय कानूनहरुमा रुपान्तरण गरिसकेको अवस्था छ । यद्यपि, आत्मिय सम्बन्धमा हुने हिंसाको सम्बोधन गर्ने सम्बन्धित कानूनी प्रावधानहरु हेर्दा नेपालका केही सीमित कानूनहरुमा छरिएर रहेको अवस्थामा थोरैमात्र कानूनी प्रावधानहरु रहेको पाईन्छ । मुलुकी देवानी संहिता, २०७४ ले विवाह र सम्बन्ध विच्छेद सम्बन्धी कानूनी प्रावधानहरुको व्यवस्था गरेको छ भने मुलुकी अपराध संहिता, २०४७ ले सहमति विनाको विवाहलाई अपराधिकण गरेको छ, साथै यसले वैवाहिक बलात्कार निषेध गर्नुका साथै त्यस्तो अपराधलाई दण्डित गरेको छ । तथापी, नेपालका कानुनले विवाहलाई विपरीत लिङ्गीहरु बिच मात्र हुन सक्ने भनि परिभाषित गरेको हुँदा, कानूनले व्यवस्था गरेका विवाह, सम्बन्ध विच्छेद तथा वैवाहिक बलात्कार सम्बन्धी ती व्यवस्थाहरु समान रुपमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका जोडीहरुका लागि लागु हुने देखिन्न । त्यस्तै घरेलु हिंसा (कसुर र सजाय ) ऐन, २०६६ ले घरेलु हिंसालाई निषेधित र दण्डनिय गरेको छ र घरेलु हिंसा सम्बोधनका लागि संस्थागत संरचनाहरुको स्थापना गरेको छ । यद्यपी, यस ऐनले न त सँगै बस्ने जोडीहरु (Live-in together) लाई घरेलु सम्बन्धको रुपमा स्पष्ट परिभाषित गरेको छ न त लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरु बीचको आत्मिय सम्बन्धलाई मान्यता नै दिएको छ ।

नेपालमा आत्मिय सम्बन्धबाट हुने हिंसा लगायतका घरेलु सम्बन्धमा हुने गरेको हिंसालाई प्रत्यक्ष रुपमा सम्बोधन गर्नका लागि घरेलु हिंसा (अपराध तथा सजाय) ऐन, २०६६ एक मात्र विशेष ऐन हो । यस ऐनले घरेलु सम्बन्धमा हुने घरेलु हिंसालाई निषेध गरेको छ । यद्यपी, यस ऐनले 'घरेलु सम्बन्ध' भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री, भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शव्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ भनेर परिभाषित गरेको छ । ऐनको यो परिभाषाले प्रष्ट रुपमा न त सँगै बस्दै आएका (Live-in together) जोडीको सम्बन्धलाई समेटिएको पाईन्छ न त लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरुको आत्मियता सम्बन्धलाई नै परिभाषामा समेटिएको पाईन्छ ।

अधिकांश उत्तरदाताहरु र उनीहरुका जोडीदारहरु दुवै रोजगारी गर्ने, घरायसी खर्चका लागि दुवैले योगदान दिने र दुवै मिलेर नै निर्णय लिने गरेको पाईयो । यस अध्ययनले माथी उल्लेखित तत्वहरु र आत्मिय सम्बन्धमा हुने हिंसामा पारस्पारिक सम्बन्ध नभएको पाईएको छ । दुवैजना कामकाजी भएको भएता पनि घरायसी खर्चका लागि दुवैले योगदान दिने र कुनै पनि निर्णय गर्दा दुवैको उत्तिकै भूमिका हुने देखिएता पनि, अधिकांश उत्तरदाताहरुले आफुहरु हिंसाबाट पीडित भएको बताए । उत्तरदाताहरुले आफ्नो पार्टनरका बारेमा परिवारबाट लुकाउने गरेको पाईयो । अस्विकार हुने डर, बहिष्करणमा पर्ने, घरबाट निकालिने, दुर्व्यवहार, बेवास्ता, अपमान, घृणा, विश्वास गुमाउने, र सबैभन्दा बढी आफ्नो पार्टनरलाई छोड्न र पुरुषसँग विवाह गर्न दवाव दिने डरजस्ता कारणहरुले गर्दा आफ्नो यौनिक अभिमुखिकरण वा आफ्नो लैङ्गिक पहिचानका बारेमा आफ्ना बाबुआमा र परिवारका सदस्दयहरुबाट लुकाउने गरेको पाईयो । उत्तरदाताहरु जसले आफ्नो घरपरिवारमा आफ्नो यौनिक अभिमुखिकरण र लैङ्गिक पहिचानका बारेमा बताएका थिए, अधिकांशले घरपरिवारबाट नकरात्मक प्रतिकृया दिएको बताए । आत्मिय सम्बन्धबाट हिंसा भोगेका उत्तरदाताहरु मध्ये अधिकांसलाई परिवारले अस्वीकार गरेको पाईयो भने जसको

परिवारले उनको सम्बन्धलाई स्वीकार गरेका छन् र घरपरिवारबाट सहयोग पाएका छन् उनीहरुमध्ये कमैले मात्र हिंसा भोग्नु परेको पाईयो ।

अधिकांश उत्तरदाताहरूले शारीरिक हिंसा, मानसिक हिंसादेखि शारीरिक, मानसिक र आर्थिक रुपमा गरि मिश्रित प्रकारको हिंसा भोगेको पाईयो । संकलित तथ्याङ्कले विवाहमा असमानता, परिवारको अस्वीकृती, आर्थिक रुपमा अस्थिरता, शिक्षामा कमी र पितृसत्तात्मक सोच नै त्यस्ता हिंसाका प्रमुख कारणहरू रहेको देखाएको छ । त्यस्ता हिंसाबाट मुख्यरुपले उत्तरदाताहरुमा अनिद्रा, एक्लोपन, तनाव, आत्महत्या गर्ने भावना, आत्महत्याका प्रयास, खानपानमा गडबडी, नकरात्मक मानसिकता, आत्मसम्मानमा कमी, काममा ध्यान दिन नसक्ने जस्ता मनोसामाजिक रुपमा प्रभाव भएको पाईयो ।

उत्तरदाताहरू मध्ये ठुलो संख्याले आफुलाई यौन सम्पर्कका लागि जबरजस्ती नगरिएको प्रतिक्रिया दिएको पाईएता पनि अधिकांसले आफ्नो पार्टनर गुमाउने डर वा उनीहरू रिसाउने डरले गर्दा यौनसम्पर्कका लागि 'हुन्न' नभन्ने बताए । हिंसा भोगेका मध्ये अधिकांसले हिंसाका बारेमा कसैलाई नभनेको बताए । यदि कसैले हिंसाका बारेमा गुनासो गरेको भएपनि आफ्ना साथीहरू, परिवार तथा आफ्नै समुदायका मानिसलाई बताउने गरेको पाईयो । प्रहरी वा अन्य औपचारिक संस्थाहरुमा विरलै मात्र उजुरी गर्ने गरेको पाईयो ।

घरेलु हिंसाका बारेमा धेरै उत्तरदाताहरू जानकार भएको भएता पनि अधिकांसलाई आत्मिय सम्बन्धमा हुने हिंसा लगायतका हिंसाबाट सुरक्षा प्रदान गर्ने कानून तथा नीतिहरू साथै सहयोगका लागि स्थापित औपचारिक संस्थाहरुका बारेमा जानकारी कम भएको पाईयो ।

## सुझाव

### (क) सरकारी निकायहरुका लागि

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको विवाहको कानुनी पहिचान र लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरू बीचको विवाह दर्ताको व्यवस्था गर्ने,
- पुनर्स्थापना गृह, पीडितका लागि हटलाइन सेवाहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री बनाउनुपर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकको पैतृक सम्पत्ति माथिको हक कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरुलाई सन्तानको लागि वैकल्पिक प्रजनन प्रविधि (जस्तैः इनभिट्रो फर्टिलाइजेशन) प्रयोग गर्न पाउने व्यवस्था गर्ने वा धर्मसन्तान राख्न पाउने व्यवस्था बनाउनु पर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरुको लागि सम्पत्तिमाथि दम्पतीको समान हक सम्बन्धी कानुन निर्माण गर्नुपर्ने,
- संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकको लागि प्रदत्त गरेको हक अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने,
- विद्यमान कानुन तथा नीतिहरुको अर्थपूर्ण कार्यान्वयनका साथसाथै समय सापेक्ष नयाँ कानुनको निर्माण गर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको उत्थानको लागि बजेट विनियोजन गर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई आर्थिक रुपमा सबल बनाउनको लागि उनीहरुको लक्षित गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने, र
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई असर गर्ने कानूनहरू, नीतिहरू तथा कार्यक्रमहरु बनाउँदा, कार्यान्वयन गर्दा र अनुगमन गर्दा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायसँगको परामर्शमा हुनुपर्ने कुराको सुनिश्चित गर्ने ।

### (ख) गैरसरकारी निकायहरुका लागि

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय बीचको आत्मिय सम्बन्धमा हुने हिंसाका सम्बन्धमा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तीनवटै स्तरमा जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायहरू बीचको विवाहलाई (वैवाहिक समानता) कानूनी मान्यता दिलाउनका लागि वकालत पैरवीका कार्यक्रमहरुको आयोजना गर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुका लागि आत्मिय सम्बन्धमा हुने हिंसा सम्बोधनका कानूनहरू, नीतिहरू तथा उजुरी संयन्त्र र उपलब्ध सहयोग सेवाहरुका बारेमा तालिम, कार्यगोष्ठी तथा अभिमुखिकरणहरुको आयोजना गर्ने,
- पीडितहरुका लागि निःशुल्क कानूनी सहायता र मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,
- आत्मिय सम्बन्धमा हुने हिंसाबाट पीडित लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायहरू मानिसहरुका लागि सीपमूलक तथा व्यवसायिक तालिमहरू प्रदान गर्ने,
- अल्पसंख्यक तथा सिमान्तकृत समुदायहरू लक्षित कार्यक्रमहरुको योजना र कार्यान्वयन गर्ने ।

### (ग) अन्य

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जोडीहरुलाई सामाजिक रुपमा स्वीकार गर्ने र समुदायमा सम्मान दिने ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोडीहरुको विचको आत्मिय सम्बन्धमा हुने हिंसालाई मुख्य धारमा ल्याउने ।

Mitini NEPAL
रानीबारी सामाखुसी, कुमारी टोल
काठमाडौं नेपाल
पो.ब.नं. ८९७४, Cpc ३३१
वेभसाइटः www.mitininepal.org.np
ट्विटर : https://twitter.com/MitiniNepal
फेसबुक : www.facebook.com/Mitininepal
इन्स्टाग्राम : https://www.instagram.com/mitini_jewellery/